# नेपालमा सामाजिक सुरक्षा

अवस्था पत्र



सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल

काठमाडौं, २०८०

## सामाजिक संरक्षण र नेपालको परिदृश्य- उपलब्धीपूर्ण शुरुआत

नेपालमा विगत केही वर्ष यता आर्थिक- सामाजिक उत्थानका लागि गरिएका नीतिगत, कानूनी, संस्थागत व्यवस्था र मौलिकहककहरुको कार्यान्वयनका लागि भएको आर्थिक लगानीका कारण सामाजिक संरक्षणका नयाँ सम्भावनाका ढोका उघ्रेका छन । सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत प्राप्त हुने नगद भत्तालाई नै सामाजिक सुरक्षा मान्ने हिजोको परिभाषामा परिवर्तन आएको छ । संविधानले "आर्थिकरुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई सामाजिक सुरक्षाको हक हुने" भनी गरेको प्रत्याभूतिलाई सामाजिक सुरक्षा ऐन, २०७५ ले जीवनयापनका लागि अतिरिक्त श्रोतहरु नभएका, अत्यन्त जोखिममा परेका, सीमान्तकृत तथा वहिष्करणमा परेका समुदायलाई राज्यका तर्फबाट प्रदान गरिने आर्थिक सहयोग भनी सीमितरुपमा परिभाषित गरेता पनि सामाजिक सुरक्षा, स्वास्थ्य र दिर्घायु, मर्यादित काम तथा आर्थिक वृद्धि सम्बन्धी दीगो विकासका लक्ष प्राप्तिका लागि नेपालले गरेको प्रयासहरु सह्रानीय मानिएकोछ ।

उच्च राजनीतिक प्राथमिकता पाएको नेपालको सामाजिक सुरक्षाका कार्यक्रमहरु सामाजिक सहायता, योगदानमूलक सामाजिक सुरक्षा तथा बीमा, उत्पादन तथा रोजगारी प्रवर्द्धनका कार्यक्रमहरुका रुपमा स्थापित छन । मानव जीवनयापन चक्रमा आइपर्ने सबै प्रकारका जोखिम न्यूनीकरण गर्दै आर्थिक अबस्थालाई थप खस्किन दिनबाट रोक्ने भरपर्दो उपायका रुपमा सामाजिक सुरक्षालाई विश्वव्यापीरुपमा मानि आएको सन्दर्भमा नेपालले पनि मानव अधिकारको घोषणापत्र- १९४८ को प्रतिबद्धता पूरा गर्दै सामाजिक सुरक्षाको अधिकारलाई संवैधानिकरुपमा स्थापित गरेको हो । पन्ध्रौं योजनाले सामाजिक सुरक्षा र संरक्षणलाई दीगो, सर्बव्यापी र पहुँचयोग्य बनाई नागरिकको संवैधानिक हकको कार्यान्वयन गर्ने र राज्यप्रति नागरिकको विश्वास सुदृढ गर्ने माध्यमको रुपमा लिएको छ ।

सामाजिक सुरक्षा सम्बद्ध राष्ट्रिय/ अन्तरराष्ट्रिय परिदृश्य निम्नानुसार रहेकोछ (स्रोत: WB, ILO, CBS)।

| | |
|---|---|
| सामाजिक सुरक्षा सम्बन्धी कुनै एक प्रकारको लाभ (SDG 1.3) प्राप्त गरिरहेको विश्वको जनसंख्या/सन २०२० | ४६.९ % |
| सार्क मुलुकको सामाजिक सुरक्षा सम्बन्धी कुल खर्च (स्वास्थ्य बाहेक) (कुल गार्हस्थ उत्पादनको)/ सन २०२० | २.६% |
| नेपालको सामाजिक सुरक्षा सम्बन्धी कुल खर्च (कुल गार्हस्थ उत्पादनको)/ सन२०२० | २.२ % भन्दा बढी |
| सामाजिक सुरक्षा नगद भत्ता प्राप्तगर्ने कुल जनसंख्या/२०७८ | १२ % भन्दा बढी |
| सामाजिक सुरक्षा भत्तामा लगानी | वार्षिक रु. १२० अर्व(आव ०७९।८०) |
| ५ वर्ष सम्मका बालबालिकाको जन्मदर्ता/२०७८ | ७४% |
| १० वर्ष माथीका आर्थिकरुपले सकृय जनसंख्या/२०७८ | ६५.५ % |
| १८ वर्ष मुनिका परिवारसँग बसेका बालबालिका मध्ये/ २०७८ | आमासँग बसेका १७.१ %<br>बुबासँग बसेका १ % |
| एक वा अर्को प्रकारको अपाङ्ता भएका/ २०७८ | २.२ % |
| महिला मुली भएका घरपरिवार/ २०७८ | ३१. १% |

प्राकृतिक विपद् तथा महामारी लगायतका आर्थिक सङ्कट सँग सामाजिक सुरक्षाका लाभहरु मार्फत पनि जुध्न सकिने सम्बन्धमा विश्वव्यापीपमा हुँदै आएको बहस र 'Universal Social Protection by 2030' को अन्तर्राष्ट्रिय प्रतिबद्धताका कारण आउँदा दिनहरुमा नेपालले यस क्षेत्रमा गर्ने लगानीमा पनि बिस्तार हुने देखिन्छ भने दीगो विकास लक्ष्य हासिल गर्न र सामाजिक सुरक्षा सम्बन्धी कानुनी व्यवस्था प्रबर्द्धनका लागि विकास साभ्रेदार र अन्य अन्तर्राष्ट्रिय संघसंस्थाहरु नेपाल सरकारलाई सहयोग गर्न र सघाउन तत्पर देखिन्छन ।

स्थानीय तहमा हुने लगानी पूर्वाधारक्षेत्रमा अत्यधिक केन्द्रित रहँदा सामाजिक सुरक्षा व्यवस्थापनका लागि आवश्यक वित्तीय स्रोत व्यवस्थापन प्रदेश र स्थानीय तहको सरकारको प्राथमिकतामा रहेको छैन । प्रदेश र स्थानीय तहको सामाजिक सुरक्षामा

सम्बन्धमा कार्य भूमिका निर्धारण नहुँदासम्म कार्यक्रमहरु समतामूलक र वित्तीय रूपमा दिगो एकैसाथ बनाउन चुनौतीपूर्ण पनि छ । प्रस्तुत पृष्ठभूमिमा सामाजिक संरक्षणको आवश्यकता, राज्यको प्राथमिकता र वित्तीय व्यवस्थापन लगायतका पक्षहरुमा नेपालको बर्तमान अबस्था र सम्भाव्य सुधारका लागि केही प्रमुख अवसरहरु यो स्थितिपत्रले प्रस्तुतगर्न खोजेको छ ।

## सामाजिक संरक्षण सम्बर्द्धनका लागि उपलब्ध अवसरहरु

### अनुकुल राष्ट्रिय नीति तथा कानूनी वातावरण र विपद् संवेदनशीलता

- सामाजिक सुरक्षा नागरिकको मौलिक हकको रूपमा स्थापित छ । र स्वास्थ्य, शिक्षा, श्रम, रोजगारी, ज्येष्ठ नागरिक, खाद्य, आवास लगायतका मौलिक हकहरुको प्रत्याभूति छ ।
- सामाजिक सुरक्षा र गरिबी निवारण संघको एकल अधिकार सूचीमा छ भने संघ र प्रदेशको साझा अधिकार सूची अन्तरगत सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, श्रमिकका हक, अधिकार र विवाद सम्बन्धी कार्यहरु रहेको छ । संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारमा सामाजिक सुरक्षा र गरिबी निवारण रहेको छ ।
- योगदानमा आधारित सामाजिक सुरक्षा ऐनले स्वास्थ्य, दुर्घटना तथा वृद्धावस्थाका लागि विभिन्न उपक्रमहरुका लागि आधार प्रदान गरेको छ । सामाजिक सुरक्षा कोषमा १६ हजार भन्दा बढी रोजगारदाता र ३ लाख २० हजार (२०७९ फागन् ) श्रमिक आबद्ध छन । सामाजिक सुरक्षा भत्ता ७२८ स्थानीय तहमा बैंकिङ प्रणाली मार्फत वितरण हुँदैं आएको छ ।
- पन्ध्रौं योजनाले सामाजिक सुरक्षा र संरक्षणलाई दीगो, सर्बव्यापी र पहुँचयोग्य बनाई नागरिकको संवैधानिक हकको कार्यान्वयन गर्ने र राज्यप्रति नागरिकको विश्वास सुदृढ गर्ने माध्यमका रुपमा लिएको छ ।
- सेन्डाई कार्यढाँचा (२०१५- २०३०) लगायतका अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरुप विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना तर्जुमा भएको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन बमोजिम सबै प्रदेश र स्थानीय तहका विपद् व्यवस्थापन कोषहरु संचालनमा छन ।

### मानव अधिकारका र सामाजिक सुरक्षा

- सामाजिक संरक्षण सम्बद्ध मानवअधिकार कार्यान्वयनको अनुगमनका लागि राष्ट्रिय मानव अधिकार आयोगको संवैधानिक व्यवस्था छ । आर्थिक समानता, समृद्धि र सामाजिकन्याय सुनिश्चित गर्न महिला, दलित, जनजाति, थारु, मुश्लिम आयोगहरु र श्रम तथा रोजगार सम्बद्ध युवा परिषद्को स्थापना भएको छ ।
- सामाजिक सुरक्षा सम्बद्ध बाल अधिकार, महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन, अपाङ्गता भएका व्यक्तिहरुका अधिकार, अन्तरराष्ट्रिय श्रम सङ्गठन, आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तरराष्ट्रिय महासन्धी तथा अभिसन्धिहरु प्रति नेपाल प्रतिबद्ध छ ।

### सरकारको न्यूनतम साझा कार्यक्रम र सुधार मार्गदर्शनका लागि उच्चस्तरको प्रतिबद्धता

- संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रममा श्रमिक लगायत गरिबी, बञ्चितीकरणमा परेकाहरुलाई सामाजिक सुरक्षा प्रदान गर्ने र सामाजिक सुक्षाको दायरालाई विस्तार गर्ने नीति लिइएको छ ।
- राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकले एकीकृत राष्ट्रिय सामाजिक संरक्षण संयन्त्र तयारीको अवधारणापत्र स्वीकृत गरी राष्ट्रिय सामाजिक संरक्षण सम्बन्धी एकीकृत ढाँचा तयार गर्ने निर्णय गरी सुधारको मार्ग प्रशस्त गरेको छ ।

## समस्या तथा चुनौती

### संवैधानिक अधिकारको अलमल र बहुकानून निर्देशित

सामाजिक सुरक्षाको प्रणालीगत सुधार राजनैतिक दलहरुको अजेण्डाका रुपमा मात्र रहने गरेको देखिएको छ जस्का कारण राज्यका नीति तथा कानून र संस्थागत व्यवस्था आशातित फल दिनबाट चुकेका छन । सामाजिक सुरक्षा सम्बद्ध तीन तहका सरकारको एकल अधिकार र साझा अधिकारहरु अनरुप कार्य जिम्मेवारी (function), कार्य संचालन संयन्त्र (functionaries), र स्रोतको न्यायोचित बाँडफाँट (fund) का दृष्टिकोणबाट कार्यजिम्मेवारीहरु स्पष्ट गरिएको छैन । संवैधानिक अधिकार सूची अन्तर्गत संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारमा रहेका सामाजिक सुरक्षा र गरिबी निवारणका लागि लागि संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ६ बमोजिम कानून बनाउने काम सरल छैन ।

नेपालमा लामो समयदेखि सामाजिक संरक्षणका फरक-फरक कार्यक्रमहरु सञ्चालित हुँदै आएको छ र ती कार्यक्रम आ-आफ्नै ऐन, कानुन र कार्यविधिहरुद्वारा निर्देशित हुँदै आएकाले कार्यान्वयनमा कानूनी र संरचनागत एकरूपता छैन । सञ्चालित र छरिएर रहेका सामाजिक संरक्षणका अन्य व्यवस्थालाई कुनै एक कानूनले समेट्न नसक्दा भिन्दाभिन्दै निकायहरूले कार्यान्वयन गरिरहेका विभिन्न खालका सामाजिक सुरक्षा योजनामा दोहोरोपन हुने, एकरूपता नहुने, अनुगमन र मूल्याङ्कन गर्न नसकिने जस्ता समस्याहरु देखापरेका छन ।

### समेटिन कठीन ठूलो संख्यामा संचालित कार्यक्रम

ठूलो संख्यामा छरिएको र असंगठित सामाजिक सुरक्षा कार्यक्रमहरु, सामाजिक सुरक्षाका नगद सहयोग (१४ वटा संघीय मन्त्रालय तथा निकाय र कोषहबाट दुई दर्जन भन्दा बढी कार्यक्रम र ६ दर्जन माथी स्कीम र सुविधाहरु तथा कुल जनसंख्याको १२ % लाभग्राहीले ३६ लाख २० हजार भन्दा बढी नगद सहयोग) र निरन्तर बढ्दो आर्थिक दायित्व बीच निकायगत एवम् कार्यक्रमगत एकरुपताका साथ सहकार्यको सम्भावना अझै छ । सामाजिक सुरक्षाका कार्यक्रमहरु सम्बद्ध तथ्यांकीय प्रणालीहरु बीचको अन्तरसम्बन्ध स्थापना गर्न नसकिंदा यस्को उपलब्धी मापन कठीन भएको छ । संघ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तर सम्बन्ध) सम्बन्धी ऐन, २०७७ मा व्यवस्था भएको राष्ट्रिय समन्वय परिषद तथा प्रदेश समन्वय समितिले यो प्रकृतिको जटिलताको सम्बोधन र समन्वय गर्न सम्भव पनि देखिंदैन । चुनावी राजनीतिक लाभका लागि हुने गरेको कार्यक्रमको ठाडो र तेर्सो विस्तारको आलोचना हुने गरेको भएता पनि विश्वव्यापी रुपमै यो परिदृश्य देखिएको परिस्थितिमा सयौंको संख्यामा रहेका कार्यक्रमहको एकीकरण सरकारी निकाय र सङ्गठित संस्थाहरुले आ- आफ्ना कार्यक्रमको कार्यान्वयन आफै गर्न पाउनुपर्ने अडानबाट नहट्ने चरीत्रका कारण पनि चुनौतीपूर्ण छ ।


### कमजोर दर्ता प्रणाली तथा भुक्तानी व्यवस्थापन

सामाजिक सुरक्षाका कार्यक्रम अन्तर्गत भिन्न- भिन्न लाभग्राहीहको दर्ता प्रणाली फरक रहेका छन । लाभग्राही दर्ता र भुक्तानी प्रणालीमा लक्षितवर्गको सहज पहुँचका लागि बैंकिङ भुक्तानी प्रणालीको विस्तार र डिजीटलाइजेसन सुस्त रहेको कारण वितरण पनि प्रभावकारी हुनसकेको छैन । कार्यक्रमहरु उपर समान पहुँच र आबद्धता बढाउन न सकिंदा सम्मिलन (inclusion) र अनन्य (exclusion) त्रुटी आशातितरुपमा घट्न नसक्दा वित्तीय लगानीको अनुमान सटिक हुनसकेको छैन । प्रणालीगत सुधारका लागि सामाजिक सुरक्षा सम्बद्ध कार्यक्रमहरुको तथ्यांकगत प्रणालीहरुको एकीकरण, वा कम्तिमा पनि अन्तरसञ्चालन सहितको एकीकृत दर्ता प्रणाली (Integrated Social Registry) को विकास र संचालन बर्तमान परिस्थितिमा चुनौतीपूर्ण छ ।

### वित्तीय असन्तुलन

सामाजिक सुरक्षाका सम्बन्धमा पन्ध्रौं योजना (आ. व. २०७६/७७-२०८०/८१) को लक्ष – आवद्ध जनसङ्ख्या ६०५ मा पुर्याउने र सामाजिक सुरक्षाको खर्च अंश राष्ट्रिय बजेटमा ११.३ % बाट १३.७ % मा पुर्याउने– हासिल गर्ने क्रममा सामाजिक सुरक्षा भत्ता मात्रमा रहेको आ.व. २०६९/७० को खर्च रु.१० अर्ब २० करोडमा वृद्धि भइ आ.व. २०८०।८१ मा रु. १२० अर्ब पुगेको छ । स्पष्ट नीति र ठोस कानूनी आधार विना सामाजिक सुरक्षा भत्ता कार्यक्रमको ठाडो र तेर्सो

बिस्तारका कारण राष्ट्रिय बजेटमा सामाजिक सुरक्षा खर्चलाई व्यवस्थापन गर्नु आउँदा दिनका लागि ठूलो चुनौती देखिएको छ। उच्च वित्तीय लगानी हुने भएकोले प्रदेश र स्थानीय तहहरुले सामाजिक सुरक्षालाई आफ्नो कार्य दायरामा राख्न चाहेको देखिंदैन। पन्ध्रौं योजनाको अन्त्यसम्ममा सामाजिक सुरक्षा खर्च लक्षलाई राष्ट्रिय बजेटको १३.७ % पुर्याउने लक्षको समीक्षा गर्दा कर्णाली प्रदेशमा आ। व। २०७८।७९ मा स्थानीय तहहबाट सो उपक्षेत्रमा कुल बजेटको १ % भन्दा कम विनियोजन भएको तथ्याङ्क सोचनीय छ। विगत १० वर्षमा सामाजिक सुरक्षामा भएको खर्चको प्रवत्तीले (स्रोत: अर्थ मन्त्रालय,राष्ट्रिय योजना आयोग, विश्व बैंक) पनि कठीने वित्तीय अवस्था बताउँछ।





**जोखिम संवेदनशीलता**

संचालित सामाजिक सुरक्षाका कार्यक्रमहरुबाट प्राप्तहुने नगद सहायता विपद्‌जन्य जोखिम संवेदनशीलता अनुरुप थप उपलब्ध गराइने गरी तर्जुमा नभएको कारण विपद् संवेदनशील मानिएका छैनन। बालपोषण भत्ताका कारण कर्णाली र सुदूरपश्चिम प्रदेशमा बाल जन्मदर्ता राष्ट्रिय दर भन्दा माथी पुगेको भएपनि बालबालिका संवेदनशील सामाजिक सुरक्षाका कार्यक्रमहरुको संख्या र लगानी दुबै न्यून छ।

## स्वयंसिद्ध अवस्था र विचारणीय पक्ष

नेपालमा सामाजिक संरक्षणका पछिल्ला कार्यक्रमहरु पनि जनस्तरमा स्वीकारयोग्य हुँदै गएको एक चौथाइ शताब्दी बितेको छ। तथापी सामाजिक सुरक्षा सम्बन्धी छाता कानूनको निर्माण हुनु अघी श्रम ऐन, सामाजिक सुरक्षा ऐन र योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको समानान्तर कार्यान्वयनमा देखापरेका अप्ठेराहरु हटेका छैनन। सामाजिक सुरक्षाको सम्पूर्ण दायित्व सरकारी कोषबाट व्यहोर्नुपर्दा उत्पादक लगानी घट्ने र आर्थिक जोखिम बढ्ने कुरा नीति निर्मातालाई थाहा नभएको होइन। तीनै तहका सरकारको साझा र एकीकृत सामाजिक सुरक्षा संरचनाको ढाँचा बारेको बहसमा लामो समय व्यतित भए पनि त्यस्तो संरचना प्रतिपादन सरकारको प्राथमिकतामा रहेको पनि देखिन्न। तर पनि सामाजिक संरक्षणका सम्बन्धमा विद्यमान चुनौतीहरुका माझ नेपालले तत्काल नै केही सुधारका प्रयासहरुको थालनी गर्नु जरुरी भइसकेको छ। यो असमञ्जस्यपूर्ण अवस्थामा चारवटा विचारणीय स्थापित पक्ष देखिएका छन। सामाजिक सुरक्षा र संरक्षणलाई दीगो, सर्बव्यापी र पहुँचयोग्य बनाउन यी असमञ्जस्तालाई नै चिर्नुपर्ने हुन्छ।




## सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल (Social Protection Civil Society Network, SPCSN) को तत्परता

SPCSN विभिन्न विषयगत सामाजिक हितकारी संस्थाहरुको सञ्जालको रुपमा वि. सं. २०७० मा स्थापना भएको हो । सामाजिक सुरक्षालाई नागरिकको अधिकारका रुपमा स्थापित गर्न सघाउँदै सरकार द्वारा संचालित कार्यक्रमहरुमा लक्षितवर्गको पहुँच बढाउनका लागि पैरवी र वकालत गर्ने र सार्वजनिक निकायको जवाफदेहिता बढाउन खबरदारी गर्ने उद्देश्यका साथ स्थापित यो संस्थामा सामाजिक सबालहरुमा कार्यरत संस्थाहरुको प्रतिनिधित्व छ ।

SPCSN ले सामाजिक संरक्षण सम्बन्धी सवालहरुमा लाभग्राहीहरुको आवाजलाई सम्बन्धित निकायमा उठाउने, सम्बोधन गरिनुपर्ने विषयहरु राज्यका निकाय समक्ष प्रस्तुत गर्ने र कार्यान्वयन गर्ने निकायहरुको जवाफदेहीता बढाउन प्रबर्द्धनात्मक कार्य गरिआएको छ । राष्ट्रिय एकिकृत सामाजिक सुरक्षा संरचनाको आवश्यकताका बारे सरकारी निकायमा निरन्तर वकालत तथा पैरवी गरिआएको यस संस्थाले संघ, प्रदेश र स्थानीय सरकारहरुको क्षमताको विकासका लागि आफ्नो दीर्घकालीन रणनीतिक दस्ताबेज अनुरुप संयुक्त राष्ट्रसंघ, विश्वबैंक, सेभ द चिल्ड्रेन लगायत राष्ट्रिय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु र विकास साझेदार सँग सहकार्य गरिआएको छ ।

## समष्टि सुधार र सरोकारवालाको कार्यभूमिका

पहिलो कदम- सञ्चालित सामाजिक सुरक्षा कार्यक्रमहरु बीच प्रणालीगत सुधारका लागि राज्यका नीति तथा कानून परिमार्जन र सो को संस्थागत कार्यान्वयन व्यवस्था ।

दोस्रो कदम- सामाजिक सुरक्षा सँग प्रत्यक्ष सम्बद्ध दर्ताप्रणालीहरु तथा गरिब घरपरिवार परिचय पत्र र श्रम तथा रोजगार सम्बन्धी थप प्रणालीहरुको अन्तरसञ्चालन गर्ने ।

तेस्रो कदम- नागरिकको जोखिम बहन गर्नसक्ने क्षमता निर्माणका लागि राज्यबाट गरिने सबैप्रकारका नगद तथा अन्य सहयोगहरुलाई रोजगार उपक्रमहरुसँग जोड्दै जाने ।

चौथो कदम- सामाजिक सुरक्षामा हुने लगानी खर्च वित्तीयरुपमा दिगो बनाउन योगदानमूलक उपक्रमहरुको विस्तारद्वारा राज्यकोषमा भार कम गर्ने ।

मूख्य सुधार क्षेत्र र सरोकारवालाको कार्यभूमिका तल ताकिामा देखाइएको छ ।

| मूख्य सुधार क्षेत्र र सरोकारवालाको कार्यभूमिका | |
|---|---|
| सरोकारवाला | कार्यभूमिका |
| सामाजिक सुरक्षा क्षेत्रमा तीन तहका सरकारको कार्य जिम्मेवारी र भूमिकामा रहेको दोहोरोपन हटाउने । | |
| संघ | • संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, बमोजिम संघ, प्रदेश र स्थानीय तहको भूमिका निर्धारण । |
| | • सामाजिक सुरक्षाका सम्बन्धमा बिषयगत मन्त्रालयहरूको कार्य विभाजन र जिम्मेवारी पुनः निर्धारण । |
| प्रदेश | • प्रदेशको विपद्को आफ्नो प्रकृति अनुरुपका जिम्मेवारी सहितको कार्यविधिहरु निर्माण । |
| स्थानीय तह | • स्थानीय तहको विपद् व्यवस्थापन योजना अनुरुपका जिम्मेवारी सहितको कार्यविधिहरु निर्माण । |
| विकास साझेदार | • प्रदेश र स्थानीय तहको कार्यविधि निर्माणमा प्राविधिक सहयोग । |
| नागरिक समाज | • तीन तहका सरकारको जिम्मेवारी र भूमिका बारे सुसुचित गराउने र सुधारका प्रयासमा पृष्ठपोषण । |
| | • नीति, नियम सम्बन्धमा स्थानीय जनप्रतिनिधि, र सरोकारवालाहरुको क्षमता अभिवृद्धि । |
| सामाजिक सुरक्षा सम्बद्ध कानूनहरुमा रहेको अस्पष्टता हटाउने । | |
| संघ | • श्रम ऐन, सामाजिक सुरक्षा ऐन, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, रोजगारीको हक सम्बन्धी ऐन आदिको संशोधन, परिमार्जन । |
| | • सामाजिक सुरक्षा र संरक्षणको आधिकारिक व्याखात्मक दस्ताबेज जारी गर्ने । |
| | • सामाजिक संरक्षणका कार्यक्रमहरुको बजेट कोडिङ् तीन तह मै प्रारम्भ गर्ने । |
| प्रदेश | • प्रदेशको भूमिका र कार्यक्षेत्र तथा संस्थागत व्यवस्थाबारे सुझाव । |
| | • प्रदेशस्तरमा नगद सहायताका कार्यक्रमहरु क्रमिक कटौती र सामाजिक संरक्षणका कार्यक्रमहरुसँग आबद्धता । |
| स्थानीय तह | • सामाजिक संरक्षणका कार्यक्रममा नयाँ शीर्षकका नगद भत्ता वितरणलाई निरुत्साहित । |
| नागरिक समाज | • स्थानीय तहको भूमिका र वित्तीय व्यवस्थापन निर्धारण बारे पृष्ठपोषण । |
| | • स्थानीय सामाजिक सुरक्षाका उपक्रमहरुलाई जीवनयापन सहयोगी बनाउन सघाउने । |
| | • उपक्रमहरुमा पहँच बढाउन तथ्याङ्क प्रणाली विकासमा सघाउने । |
| | • प्रदेश र स्थानीय तहको भूमिका र कार्यक्षेत्रसम्बन्धमा ट्रेड युनियन सँग संयुक्तरुपमा वकालत गर्ने । |
| | • सामाजिक सुरक्षा र सामाजिक संरक्षण बारे अभिमुखीकरण । |
| | • विषयलाई पाठ्यक्रममा समावेश गर्न बालक्लब र सामुदायिक संघसंस्था मार्फत पैरबी । |
| कार्यक्रम/ स्कीम/ सुविधाहरुको एकीकरण । | |
| संघ | • अद्यावधिक नक्शांकन गरी गाभ्नयोग्य, कार्यक्रम वार्षिक नीति तथा कार्यक्रम मार्फत एकीकरण । |
| | • एकीकृत संरचना ल्याउने । |
| प्रदेश | • एकीकरण गरिएका शीर्षकमा कार्यक्रम नराख्ने नीति बनाउने । |
| स्थानीय तह | • एकीकरण गरिएका शीर्षकमा कार्यक्रम नराख्ने र स्थानीय सामाजिक सुरक्षा नीति तर्जुमा गर्ने । |
| विकास साझेदार | • प्रदेश तथा स्थानीय सामाजिक सुरक्षा नीति तर्जुमा गर्न सहयोग गर्ने । |
| नागरिक समाज | • एकै प्रकृति र आवश्यकता पूरा गर्ने स्कीम/ कार्यक्रमहरुलाई एकीकरण गरी लाभको परिमाण बढाउन र बचत गर्न सकिने बारे जनचेतना फैलाउने । एकीकृत संरचना जारी गर्न पैरवी गर्ने । |
| भुक्तानी प्रणाली विस्तार र डिजीटलाइजेसन मार्फत पहुँच र आबद्धता बढाउन र सम्मिलन (inclusion) र अनन्य (exclusion) त्रुटी कम गर्दै जाने । | |
| संघ | • तथ्यांक प्रणालीहरु बीचको अन्तरसम्बन्ध स्थापना गर्न तीन तहमै अभिलेख व्यवस्थापन । |
| | • एकीकृत दर्ता प्रणाली स्थापना गन लाभग्राही लक्षितवर्गको सहज पहुँच बढाउन बैंकिङ भुक्तानी प्रणालीको विस्तार र डिजीटलाइजेसन निरन्तरता । |
| | • व्यक्तिगत घटना दर्ता र बालजन्मदर्ताको प्रतिशत बढाउने कार्यक्रमहरु प्रतिपादन । |
| | • जन्मदर्ताका प्रावधानहरु बारे स्थानीय तह र पंजीकाधिकारिहरुमा स्पष्टता । |
| प्रदेश | • प्रदेशस्तरको तथ्यांक प्रणाली तयारी तथा स्थापना गर्न कार्यक्रम संचालन । |
| | • अभिलेख व्यवस्थापन र स्थानीय तहमा रहेका बैंक खाताहरु अद्यावधिक गर्न प्रोत्साहन । |
| | • प्रदेशस्तरमा तथ्याङ्क संकलनलाई बैज्ञानिक बनाउन प्रणालीगत सुधार र स्थानीय तहको तथ्याङक प्रणालीलाई प्रबर्द्धन । |

| | |
|---|---|
| स्थानीय तह | •संघीय तथा प्रदेशस्तरको तथ्यांक प्रणाली सँग अन्तरसम्बन्ध हुनेगरी तथ्यांक प्रणाली स्थापना र व्यवस्थापन ।<br>•वडा तहमा घुम्ती भुक्तानी केन्द्र तथा अन्य भुक्तानी आउटलेटको व्यवस्थापन ।<br>•वडातहमा सूचना प्रवाहलाई विस्तार गर्ने र प्रकृयागत सरलीकरण ।<br>•लाभग्राहीले स्कीमपिच्छै बेग्लाबेग्लै परिचयपत्र बनाउनुपर्ने अबस्थाको अन्त्य । |
| विकास साझेदार | •एकीकृत दर्ता प्रणाली तयारीका लागि प्राविधिक र अन्य सहयोग विस्तार र पहुँच बढाउन प्रकृयागत सरलीकरण ।<br>•एकल दर्ताको मोडालिटी ढाँचा तय गर्न सहयोग । |
| नागरिक समाज | •दर्ता प्रणाली व्यवस्थित नभएको पालिकाहरुमा पैरबी र अभिलेख वडास्तरसम्म व्यवस्थित गर्न समन्वयात्क पैरवी ।<br>•असमर्थ तथा असहाय लाभग्राही नवीकरण सरलीकरण र बैंकिंग शिक्षा विस्तारका लागि भूमिका ।<br>•लक्षित वर्गको स्वामित्व सुनिश्चितताका लागि अनुगमन प्रकृयामा समुदायलाई कृयाशिल ।<br>•प्रदेशतहमा बालबालिका युवा सम्बन्धित कोषहरु संचालनका लागि र स्थानीय तहमा कार्यान्वयन कार्यविधि तर्जुमाका लागि सुसुचित । |
| वित्तीय सन्तुलन कायम राख्ने । | |
| संघ | •तीन बटै तहका सरकारको वित्तीय साझेदारी र लगानीका लागि तत्तत् निकायको भूमिका स्पष्ट गर्ने ।<br>•प्रदेश र स्थानीय तहहरुबाट वार्षिकरुपमा बजेट निर्धारण गर्न योजना तर्जुमा, मध्यमकालिन खर्च संरचना, राजस्व कार्ययोजनाहरुको कडाइका साथ पालना गर्न लगाउने । |
| प्रदेश | •विपद् संवेदनशील सामाजिक सुरक्षाका उपायहरुका लागि वित्तीय प्रबन्ध गर्ने ।<br>•संघ र प्रदेश सितको साझेदारीका लागि विनियोजन ।<br>•स्थानीय तहको क्षमता बाहिरका कार्यक्रमहरुमा मात्र वार्षिक योजना तथा कार्यक्रम राख्ने परिपाटीको विकास गर्ने । |
| स्थानीय तह | •लागत साझेदारी मोडालिटीमा संघ र प्रदेश सँग सहकार्यका लागि बजेट विनियोजन ।<br>•पालिकाको कुल चालु खर्चको निश्चित प्रतिशत सामाजिक सुरक्षाका कार्यक्रममा र कुल बार्षिक बजेटको १० % मा नघटाइ बजेट विनियोजन । |
| विकास साझेदार | •स्थानीय तहमा सामाजिक संरक्षणका नौला उपक्रमहरुका लागि लागत सहकार्यको मोडल तयारीमा प्राविधिक सहयोग<br>•स्थानीय तहमा सामाजिक सुरक्षाका मौलिक अवधारणाको प्रयोग प्रबर्द्धन तथा क्षमता निर्माणमा प्राविधिक सहयोग । |
| नागरिक समाज | •पालिकाको सामाजिक सुरक्षा कार्यक्रम योजना तर्जुमा प्रकृयामा विषयगत समितिको भूमिका बारे बहस तथा प्रबर्द्धन<br>•संघ, प्रदेशस्त्तर र स्थानीय तहका समन्वय परिषद् बैठकमा विषय प्रवेशका लागि अभियान संचालन । |
| योगदानमा आधारित सामाजिक सुरक्षाको दायारा विस्तार गर्ने । कार्यक्रमहरु विपद् जोखिम संवेदनशील बनाउने । | |
| संघ | •श्रम सम्बन्ध कायम भएका सबै श्रमिकहरुको (संगठित निजीक्षेत्र, प्रतिष्ठान) सूचीकरण गर्ने ।<br>•श्रम ऐन, सामाजिक सुरक्षा ऐन र योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको समानान्तर कार्यान्वयनमा सरकारको प्रतिबद्धता रहने ।<br>•जोखिम न्यूनीकरण सक्षम (scalable) बनाउन नीति ल्याउने । |
| प्रदेश | •श्रम सम्बन्ध कायम भएका सबै श्रमिकहरुको (प्रदेशस्तरका संगठित निजीक्षेत्र, प्रतिष्ठान) सूचीकरण ।<br>•आवश्यक स्रोतमा प्रदेशको अंश सहभागिता सुनिश्चित ।<br>•प्रदेश विपद् व्यवस्थापन कोषको रकम संचालन गर्ने |
| स्थानीय तह | •श्रम सम्बन्ध कायम भएका सबै श्रमिकहरुको (स्थानीयस्तरका संगठित निजीक्षेत्र, प्रतिष्ठान) सूचीकरण।<br>•स्थानीय विपद व्यवस्थापन समित सकृय पार्ने र जोखिम न्यूनीकरण सक्षम बनाउन स्थानीय नीति बनाउने । |
| विकास साझेदार | •संगठित निजीक्षेत्र, प्रतिष्ठानमा कार्यरत श्रमिकहरुलाई अभिमुखीकरण गर्न सहयोग गर्ने ।<br>•ट्रेड यूनियनहरुबाट सहजीकरण गरिने । विपद् जोखिम संवेदनशील सम्बन्धी प्रयोगमा आएका मोडलहरुको उपादेयताबारे प्रबर्द्धनात्मक कार्य । |
| नागरिक समाज | •श्रम तथा रोजगारि प्रबर्द्धनका लागि वकालत गर्ने ।<br>•संगठन, ट्रेडयुनियन परिचालनको माध्यमबाट नीति निर्माताहरुमा विषयको संवेदनशीलता जगाउने । स्थानीय कार्यक्रमहरु जोखिम न्यूनीकरण उन्मुख गराउँदै लैजान प्राबिधिक क्षमता अभिबृद्धि र सोका लागि प्रोत्साहन गर्ने । |
| लाभग्राहीहरुको गुनासो घटाउने । | |
| संघ | •लाभग्राहीहरुको दर्ता, नयाँ दर्ता, समयमा भुक्तानी, नगद प्राप्ती प्रति रहेको गुनासो हटाउन नियमावली र कार्यविधिहरुमा व्यवस्थित पारदर्शिताका औजारहरुको नियमित प्रयोग बाध्यकारी बनाउने । |

| | |
|---|---|
| प्रदेश | • बालबालिका, युवा, महिला हितका प्रदेशस्तरका कार्यक्रम कार्यविधिहरुमा पारदर्शिता औजारको प्रावधान राख्न लगाउने । |
| स्थानीय तह | • कार्यविधिहरुमा व्यवस्थित पारदर्शिताका औजारहरुको नियमित प्रयोग बाध्यकारी गर्ने । |
| विकास साझेदार | • पारदर्शिताका औजारहरुको प्रयोगकव प्रबर्द्धन गर्ने । |
| नागरिक समाज | • कार्यान्वयन, पारदशीता  र जवाफदेहिताका लागि सचेतना अभियान संचालन गर्ने ।<br>• कार्यक्रममा देखिने विकृति, अनियमितता, सम्बन्धमा तथ्यांक, अनुगमनका आधारमा सम्बन्धित निकायमा खवरदारी गर्ने ।<br>• सार्वजनिक महत्वका सूचना माग तथा जानकारी गर्ने । |